नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ | अंक १५२ | २०८० साल माघ २ गते मंगलबार (16 Jan. 2024 Tuesday) | मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

यस अंक भित्र : २ पृष्ठमा : पर्सामा कोरोना सङ्क्रमित भेटिएपछि ३ पृष्ठमा : सन् २०२४ मा युक्रेनलाई चार अर्ब ... ३ पृष्ठमाग़ाजामा भएको ...

# सशस्त्र प्रहरीद्वारा दुध पाउडर प्याकेटदेखि न्यानो पार्ने ज्याकेटसम्म अवैध मालसमान नियन्त्रणमा





**दैनिक समाचारदाता**
**राजविराज, १, माघ ।**

सशस्त्र प्रहरीले जिल्लाको विभिन्न नाकाबाट अवैधरुपमा ल्याइएको ठूलो परिमाणको दुध पाउडर प्याकेटदेखि न्यानो पार्ने ज्याकेटसम्म अवैध मालसमान नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं.६ गण हेडक्वाटर सप्तरीका सुचना अधिकारी सशस्त्र प्रहरी नायब उपरिक्षक मोहन राज विष्टका अनुसार सोमवार विहान हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित भारदह सडकखण्डमा चेकजाँचको क्रममा गाडीमा लोड गरेर अवैधरुपमा ल्याइएका २७ बोरा दुधको पाउडर बरामद गरिएको छ ।

ग.३च. ५१५९ नम्बरको भ्यानमा प्याकेट बनाएर बोरा भित्र राखिएको उक्त दुध पाउडरको तौल ६ सय ७५ केजी रहेको उनले

*बाँकी अन्तिम पृष्ठमा*

# पेट्रोल, डिजल र मट्टितेलको मूल्य घट्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, १ माघ ।**

नेपाल आयल निगमले पेट्रोल, डिजल र मट्टितेलको मूल्य प्रतिलिटर रु एकले घटाएको छ । इन्डियन आयल कर्पोरेशनबाट सोमबार प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल प्रतिलिटर एक रुपैयाँ २६, डिजल प्रतिलिटर ८३ पैसाले घटेर आएकाले निगम

*बाँकी अन्तिम पृष्ठमा*


## निर्माण व्यवसायी संघ
सप्तरी, राजबिराज

## निर्वाचन समितिको कार्यालय, २०८०

प.स. :- ०८/०८०-०८१ | मिति : २०८०/१०/०१

विषय : सूचना । सूचना ॥

यस निर्माण व्यवसायी संघको विधानको धारा ११ र धारा १८ बमोजिम विधानमा उल्लेखित कार्य समिति पदाधिकारी/ सदस्यहरुको निर्वाचन गराउनु पर्ने प्रावधान बमोजिम वर्ष २०८०-२०८२को कार्यकालको कार्यसमिति गठन गर्न यस समितिको मिति २०८०/०९/२० च.नं. ०५ अनुसार सूचना प्रकाशन भएको र समितिको च.नं. ०६ मिति २०८०/०९/२५मा समय संशोधन गरिने सूचना प्रकाशन गर्ने भएकोले सोही अनुसार यो निर्वाचन निम्नानुसारको कार्यक्रम निम्न निर्धारित समयमा गराईने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | मिति | कार्यक्रम | समय | कैफियत |
|---|---|---|---|---|
| १. | २०८०/१०/०१ | निर्वाचन कार्यक्रम प्रकाशन | दिउँसो ३ : ०० बजे | |
| २. | २०८०/१०/०२ | मतदाता नामावली प्रकाशन | बिहान ११ : ३० बजे | |
| ३. | २०८०/१०/०३ | मतदाता नामावली उपर दावी विरोध/छुट र संशोधन | बिहान ११:०० बजे देखि ०२:३० बजे सम्म | |
| ४. | २०८०/१०/०३ | अन्तिम मतदाता नामावली प्रकाशन | दिउँसो ३ : ३० बजे | |
| ५. | २०८०/१०/०७ | उम्मेदवारी पत्र वितरण र उम्मेदवारी दर्ता | बिहान११देखिदिउँसो ०३ बजे सम्म | |
| ६. | २०८०/१०/०७ | उम्मेदवारको नामावली प्रकाशन | दिउँसो ०४ : ०० बजे | |
| ७. | २०८०/१०/०९ | उम्मेदवारको नामावली उपर दावी विरोध | दिउँसो११:४५बजेदेखि०१:३०बजे | |
| ८. | २०८०/१०/०९ | दावीबिरोध पछि उम्मेदवारको नाम प्रकाशन | दिउँसो ०२ : ०० बजे | |
| ९. | २०८०/१०/११ | उम्मेदवारको नाम फिर्ता | दिउँसो ११ बजे देखि बेलुकी ४ बजे | |
| १०. | २०८०/१०/११ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | बेलुकी ०४ : ३० बजे | |
| ११. | २०८०/१०/१३ | निर्वाचन/मतदान | बिहान ११ बजे देखी बेलुकी ४ बजे | |
| १२. | २०८०/१०/१३ | निर्वाचन/मतगणना | बेलुकी ०५ : ३० बजे देखी | |
| १३. | २०८०/१०/१३ | निर्वाचनको परिणाम घोषणा | मतगणना पश्चात | |

- मतदाताको प्रतिनिधि (प्रोक्सी पत्र)को वितरण मिति २०८०/१०/९ गते देखि समयानुकुल गरिनेछ र सो प्रोक्सीको दर्ता मिति २०८०/१०/११ गते **बिहान ११ बजे देखि २ बजे सम्म गरिनेछ** । मिति २०८०/१०/११ गते **दिउँसो ३ बजे प्रतिनिधि (प्रोक्सी) मतदाताको नामावली** प्रकाशन गरिनेछ ।
- निर्वाचनका लागि निर्धारित पदहरु सहितका अन्य सम्पूर्ण प्रक्रिया र कार्यविधि यस समितिको मिति २०८०/०९/२० गते च.नं. ०५ द्वारा प्रकाशित सूचना अनुसार हुने/गरिने छ ।

.............................
(राम अशिष प्रसाद साह)
प्रमुख निर्वाचन आयुक्त


# योग दिवसमा प्रभातफेरीसहित विभिन्न कार्यक्रम




**दैनिक समाचारदाता**
**राजविराज, १, माघ ।**

योग गरौं निरोग रहौं, कपालभाती जीवन साथी, घरघरमा योग, जनजनमा योग, सन्देश सहित योग दिवसको अवसरमा सोमवार राजविराजमा प्रभातफेरीसहित विभिन्न कार्यक्रमको आयोजना गरिएको छ ।

पतञ्जली योग समिति नेपाल सप्तरीको आयोजनामा निकालिएको प्रभातफेरी कार्यक्रममा सुरक्षा निकायका प्रमुख, जनप्रतिनिधी, विभिन्न संघ संस्थाका प्रतिनिधी तथा सयौंको संख्यामा सर्वसाधारण सहभागिता भए ।

प्रभातफेरी नगरपरिक्रमा पश्चात स्थानीय राजरंगशालामा पुगी योग शिवीर तथा सभामा परिणत भएको थियो । योग शिवीरमा सहभागी मध्ये अधिकाँशले योगाभ्यास कला सिक्न हातमा म्याट लिएर पुगेका थिए । दुई घण्टा सम्म चलेको योग शिवीरका सहभागीहरुलाई प्रशिक्षक बद्रीराज भण्डारी, शुभाष मण्डल, राजदेव यादव लगायतले प्रशिक्षण दिएको पतञ्जली योग समिति नेपाल मधेश प्रदेश मिडिया प्रभारी किसुन देव यादवले जानकारी दिए ।

९ औ अन्तराष्ट्रिय योग दिवसको अवसर पारेर पतञ्जली योग समिति नेपाल सप्तरीका अध्यक्ष रामस्वरुप चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथी प्रमुख जिल्ला अधिकारी किरण थापाका साथै महिला पतञ्जली योग समिति नेपाल सप्तरीकी महामन्त्री मालती दास, नगर अध्यक्ष पंकज कुमार देव, युवा प्रभारी किशोर साह लगायतले बोल्दै तनाव मुक्त

*बाँकी अन्तिम पृष्ठमा*


## भूकम्पको जोखिमबाट बच्ने उपाय

- भूकम्पको जोखिम र त्यसबाट बच्ने उपायबारे जानकारी आदानप्रदान गरौं,
- घरभित्रका फर्निचर, सजावटका सामान, पानी ट्याङ्की नहल्लने र नखस्ने गरी बलियोसँग राखौं,
- घर, स्कूल तथा कार्यालयमा भूकम्पको समयमा सुरक्षित रहन सकिने स्थानको पहिचान गरौं,
- भूकम्पको समयमा आत्तिएर भाग्ने वा दगुर्ने नगरौं,
- भूकम्पको बेला खुल्ला र सुरक्षित स्थानमा जाऔं,
- प्राथमिक स्वास्थ्य उपचारको विषयमा जानकारी राखौं,
- आफू सुरक्षित भई अरुको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आम्दानी पाँच खर्ब १८ अर्ब, खर्च पाँच खर्ब ६६ अर्ब

काठमाडौँ, १ माघ (रासस)।

आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक समीक्षा अवधिमा सरकारको आम्दानीभन्दा खर्च बढी भएको देखिएको छ। पुस मसान्तसम्ममा मुलुकले रु ४८ अर्ब ४६ करोड ५७ लाख बराबर बजेट घाटा व्यहोरेको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार बजेटको अर्धवार्षिक समीक्षा अवधिमा वार्षिक लक्ष्यको ३५ दशमलव १९ प्रतिशत आम्दानी र ३२ दशमलव ३५ प्रतिशत खर्च भएको छ।

चालु आवका लागि सरकारले कूल रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजश्व उठाउने लक्ष्य लिएको छ। कार्यालयको तथ्याङ्कअनुसार पुस मसान्तसम्ममा रु पाँच खर्ब १८ अर्ब १५ करोड ५६ लाख बराबर राजश्व असुली भएको छ। यो वार्षिक लक्ष्यको ३५ दशमलव १९ प्रतिशत बराबर हो। छ महिनामा कर राजश्वतर्फ ३३ दशमलव ९८ प्रतिशत अर्थात् रु चार खर्ब ४३ अर्ब ५५ करोड २० लाख उठेको छ। गैरकरतर्फ वार्षिक लक्ष्यको ४५ दशमलव २३ प्रतिशत अर्थात् रु ५२ अर्ब ९४ करोड ७८ लाख बराबर असुली भएको छ।

चालु आवका लागि कूल रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखिएकामा हालसम्म पाँच दशमलव ५२ प्रतिशत अर्थात् रु दुई अर्ब ७५ करोड ८० लाख बराबर वैदेशिक अनुदान लिइएको छ। चालु आवका लागि कूल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको वार्षिक बजेट रहेकामा पुस मसान्तसम्ममा रु पाँच खर्ब ६६ अर्ब ६२ करोड १३ लाख खर्च भएको छ। यो वार्षिक लक्ष्यको ३२ दशमलव ३५ प्रतिशत बराबर हो। चालुगत शीर्षकमा कूल रु ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबर बजेट छुटचाइएकामा ३८ दशमलव ३१ प्रतिशत अर्थात् रु चार खर्ब ३७ अर्ब ३८ करोड १२ लाख खर्च भएको छ। चालु शीर्षकमा हालसम्म भएको खर्च वार्षिक लक्ष्यको ३८ दशमलव ३१ प्रतिशत हो।

त्यसैगरी, पुँजीगत खर्च शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबर छुटचाइएकामा १६ दशमलव तीन प्रतिशत अर्थात् रु ४९ अर्ब २३ करोड ५८ लाख बराबर खर्च भएको छ। वित्तीय व्यवस्थामा रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर बजेट विनियोजन भएकामा २६ दशमलव दुई प्रतिशत अर्थात् रु ८० अर्ब ४३ लाख बराबर खर्च भएको छ।

# पर्सामा कोरोना सङ्क्रमित भेटिएपछि निगरानी बढाइयो

पर्सा, १ माघ (रासस)।

कोरोनाका नयाँ सङ्क्रमित भेटिएपछि भारतसँग सीमा जोडिएको पर्साको वीरगञ्जस्थित नाकामा स्वास्थ्य सतर्कता बढाइएको छ। भारतको विभिन्न स्थानमा कोरोना सङ्क्रमितको सङ्ख्या बढ्दै जानाका साथै केही दिनअघि वीरगञ्जस्थित सीमानाकामा नयाँ सङ्क्रमित भेटिएपछि स्वास्थ्य सतर्कता बढाइएको हो।

सीमानाकामा स्वास्थ्य सहायताकक्ष स्थापना गरी भारतबाट आउनेहरूको निरीक्षण र निगरानी गन थालिएको छ। भारतबाट रेल, बस र निजी सवारी साधनमा आउने यात्रुलाई स्वास्थ्य सहायताकक्षमा एन्टिजेन विधिबाट कोरोना परीक्षण गरी भित्रिन दिने गरिएको वीरगञ्ज महानगरपालिकाका स्वास्थ्य शाखा संयोजक अनिल यादवले जानकारी दिनुभयो। उहाँका अनुसार महानगरले सञ्चालन गरेको हेल्थ डेस्कमा कार्यरत स्वास्थ्यकर्मीले भारतबाट यात्रा गरेर आउनेलाई सुरुमा स्क्रिनिङ गरी ज्वरो वा खोकीको लक्षण देखिएकाको एन्टिजेन परीक्षण गर्ने गरेका छन्।

संयोजक यादवले गत पुस १ गतेदेखि सञ्चालित उक्त हेल्थ डेस्कमा हालसम्म पाँच हजार दुई सय पाँचजनाको स्क्रिनिङ गरिएको जानकारी दिनुभयो। जसमध्ये दुई सयमा एन्टिजेन परीक्षण गर्दा गत बुधबार दुई भारतीय र एकजना नेपालीमा कोरोना पोजेटिभ देखिएको उहाँले बताउनुभयो।

भारतबाट आउने सबैको स्वास्थ्य जाँच गर्न सम्भव नभएकाले रेल, बस वा निजी सवारीमा आउनेहरूको स्क्रिनिङ गर्ने गरिएको र त्यसमध्ये शङ्कास्पद व्यक्तिको मात्र एन्टिजेन परीक्षण गर्ने गरिएको यादवको भनाइ छ। एन्टिजेन परीक्षणमा कोरोना पोजेटिभ देखिएकालाई होम आइसोलेसनमा पठाउने गरिएको उहाँले बताउनुभयो।

हेल्थ डेस्कमा हाल दुई स्टाप नर्स, तीन हेल्थ असिस्टेन्ट, दुई ल्याब टेक्निसियन र एक ल्याब असिस्टेन्ट गरी आठजना स्वास्थ्यकर्मी परिचालन गरिएको महानगरको स्वास्थ्य शाखाले जनाएको छ। पछिल्लो केही समययता भारतको गोवा, महाराष्ट्र, कर्नाटक, तेलांगनलगायत राज्यमा पुनः कोरोना सङ्क्रमण फैलिन थालेपछि भारतीय सीमासँग जोडिएका क्षेत्रमा स्वास्थ्य सतर्कता बढाइएको जिल्ला स्वास्थ्य कार्यालय पर्साले जनाएको छ।

**होल्डिङ सेन्टर तयारी अवस्थामा**

वीरगञ्जस्थित सीमानाकामा स्थापना गरिएको होल्डिङ सेन्टर तयारी अवस्थामा राखिएको छ। कोभिड- १९ को पहिलो लहर फैलिएपछि सरकारको बिसं २०७८ वैशाख ५ गते मन्त्रिपरिषद्को निर्णयअनुसार कोरोना रोकथाम तथा नियन्त्रणको उद्देश्यका साथ यहाँस्थित सीमानाकामा होल्डिङ सेन्टर निर्माण गरिएको थियो।

निर्माण गरिएको होल्डिङ सेन्टर तयारी अवस्थामा राखिएको वीरगञ्ज महानगरका स्वास्थ्य शाखा संयोजक यादवले जानकारी दिनुभयो। कोरोनाको पहिलो तथा दोस्रो लहरमा क्वारेन्टिन अभावका कारण विद्यालय र कलेजलाई क्वारेन्टिन बनाइएको भन्दै आलोचना भएपछि निर्माण गरिएको होल्डिङ सेन्टरलाई अहिले नेपाली सेनाले सुरक्षा दिएर राखेको उहाँको भनाइ थियो।

भारतबाट आएकालाई क्वारेन्टिनमा राख्नका लागि पर्सामा करिब रु २८ करोडको लागतमा कूल ६० भवन निर्माण गरिएका यादवले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त भवनमा १३ भान्सा घर र २२ शौचालय बनाइएका छन्।

उक्त क्वारेन्टिनमा एक हजार शय्या छन्। जसमध्ये नौ सयमा सामान्य लक्षण भएकालाई र एक सय शय्यामा जटिल अवस्थाका बिरामीलाई राखिने छ। त्यस्तै, अन्य तीन वटा एसिसहितका भवन अनुगमन गर्न आउने सरकारी प्रतिनिधिका लागि निर्माण गरिएको संयोजक यादवले बताउनुभयो।

# बिपीकेएचआईएसमा आन्दोलनका कारण सेवा प्रभावित

सुनसरी, १ माघ (रासस)।

धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (बिपीकेएचआईएस)का चिकित्सक, शिक्षक तथा कर्मचारीको आन्दोलनले अस्पतालको स्वास्थ्य सेवा र शैक्षिक कार्यक्रम प्रभावित बनेको छ।

बढुवा प्रक्रिया अघि बढाउन माग गर्दै भएको आन्दोलनका कारण सोमबार आकस्मिक कक्षबाहेकका ओपिडी तथा बिल काउन्टर बन्द छन्। आन्दोलनकारी प्रतिष्ठानका कायममुकायम उपकुलपति प्रा डा प्रल्हाद कार्कीको कार्यकक्ष अगाडि धर्नामा बसेका छन्। उनीहरुले आइतबारदेखि अस्पतालका सेवा ठप्प पारेका थिए। अस्पतालका सेवा ठप्प भएपछि टाढाबाट उपचार गराउन आएका बिरामी समस्यामा परेका छन्।

प्रतिष्ठानका कर्मचारीले यसअघि गत असोज र कात्तिकमा आन्दोलन गरेका थिए। करिब एक महिनाको आन्दोलन पछि गत कात्तिक २० गते भएको वार्तामा प्रतिष्ठान प्रशासन र आन्दोलनरत पक्षबीच विधि प्रक्रिया पूरा गरेर पुस २ देखि १५ गतेसम्म बढुवाका लागि अन्तर्वार्ता अघि बढाइने सहमति भएको थियो।

सहमतिअनुसार अन्तर्वार्ता प्रक्रिया सुरु नभएपछि आन्दोलनकारी पुस २४ देखि पुनःआन्दोलनमा उत्रिएका हुन्। प्रतिष्ठानस्थित शिक्षक कल्याण समाज र कर्मचारी कल्याण समाजले पुस २६ गते विज्ञप्ति जारी गरेर पुस २८ सम्म प्रक्रिया अघि नबढाएर पुस २९ देखि प्रतिष्ठानका सेवा ठप्प पार्ने चेतावनी दिएका थिए। सोहीअनुसार सेवा ठप्प पारिएको कर्मचारी कल्याण समाजकी अध्यक्ष कविता ढकालले बताउनुभयो।

गत पुस २५ गते प्रतिष्ठानका कार्यकारी समिति (कास)को बैठक बोलाइए पनि कामु उपकुलपति प्रा डा कार्की अनुपस्थित भएपछि बैठक बस्न सकेन। त्यसपछि आन्दोलनरत कर्मचारी कल्याण समाज र शिक्षक कल्याण समाजले कामु उपकुलपति प्रा डा कार्कीलाई प्रतिष्ठानमा प्रवेश गर्न नदिने जनाएका छन्।

**स्वास्थ्य सेवा प्रभावित नपार्न दलहरुको आग्रह**

आन्दोलनका कारण स्वास्थ्य सेवा प्रभावित बनेपछि धरानमा सक्रिय प्रमुख पाँच राजनीतिक दलले स्वास्थ्य जस्तो संवेदनशील क्षेत्र प्रभावित नपार्न आग्रह गरेका छन्।

नेपाली कांग्रेस धरान नगरसभापति श्याम पोखेल, नेकपा (एमाले) नगर अध्यक्ष हर्कजङ एभेङ, नेकपा (माओवादी केन्द्र)का नगर अध्यक्ष मनोज भट्टराई, जनता समाजवादी पार्टीका नगर अध्यक्ष ताजुब लिम्बू र एकीकृत समाजवादी पार्टीका नगर अध्यक्ष रेवती रमण राईले संयुक्त वक्तव्य जारी गरेर स्वास्थ्य र शिक्षा प्रभावित भए प्रतिष्ठान प्रशासनमा हस्तक्षेप गर्न बाध्य हुने चेतावनी दिनुभएको छ।

राजनीतिक दलको समन्वय र उपस्थितिमा भएका सम्झौता कार्यान्वयन गर्न गराउन दलहरूकोतर्फबाट पहल भइरहेको हुँदा आन्दोलनलाई रचनात्मक बनाई अघि बढ्न आन्दोलनरत पक्षलाई वक्तव्यमार्फत आग्रह गरिएको छ।

**अख्तियारी फिर्ता**

प्रतिष्ठानका कामु उपकुलपति प्रा डा कार्कीले प्रतिष्ठानका रजिष्ट्रार प्रा डा सूर्यप्रसाद सङ्ग्रौलाको अख्तियारी फिर्ता गर्नुभएको छ। आइतबार रजिष्ट्रार प्राडा सङ्ग्रौलालाई पत्र पठाउँदै कामु उपकुलपति डा कार्कीले गत असार १७ गते आफू कामु उपकुलपति नियुक्ति भएपछि दिइएको सम्पूर्ण आर्थिक एवं प्रशासनिक क्रियाकलाप र मुद्दा मामिलासम्बन्धी कामको अख्तियारी फिर्ता लिइएको उल्लेख गर्नुभएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सन् २०२४ मा युक्रेनलाई चार अर्ब २० करोड अमेरिकी डलर सहयोगका लागि संयुक्त राष्ट्रसंघको आग्रह

जेनेभा, १ माघ ( रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घले सन् २०२४ मा युक्रेनमा मानवीय सहायता उपलब्ध गराउन र युद्धग्रस्त मुलुकबाट भागेका लाखौं शरणार्थीलाई सहयोग गर्न चार अर्ब २० करोड अमेरिकी डलर आवश्यक पर्ने बताएको छ ।गाजा युद्धले हालैका महिनाहरूमा चर्चा बटुलेको छ भने फेब्रुअरीमा युक्रेन–रूस युद्ध तेस्रो वर्षमा प्रवेश गर्नेछ ।

संयुक्त राष्ट्रसङ्घले युक्रेनमा ८५ लाख मानिस र पूर्वी युरोपमा २३ लाख शरणार्थी र तिनका सहयोगी समुदायसम्म पुग्ने अपेक्षा गरेको छ ।संयुक्त राष्ट्रसङ्घले भनेको छ, "हालैको आक्रमणले युद्धको विनाशकारी नागरिक लागतलाई उजागर गरेको छ भने कठाङ्ग्रिँदो जाडोले मानवीय सहायताको तत्काल आवश्यकतालाई जोड दिइरहेको छ ।सन् २०२२ को फेब्रुअरीमा भएको रूसी आक्रमण दोस्रो विश्वयुद्धपछि युरोपेली मुलुकमाथिको सबैभन्दा ठूलो आक्रमण र यसका कारण निम्तिएको शरणार्थी सङ्कट सन् १९३९ देखि सन् १९४५ को द्वन्द्वपछि महाद्वीपले सामना गर्नुपरेको सबैभन्दा ठूलो शरणार्थी सङ्कट बनेको छ ।

संयुक्त राष्ट्रसङ्घले यस वर्ष युक्रेनमा एक करोड ४६ लाख मानिसलाई मानवीय सहायताको आवश्यकता पर्ने बताएको छ । यो युक्रेनी जनसङ्ख्याको ४० प्रतिशत हो ।

संयुक्त राष्ट्रसङ्घीय सहायता प्रमुख मार्टिन ग्रिफिथ्सले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "लाखौं बालबालिका युद्धको अग्रपङ्क्तिमा रहेका समुदायमा बस्छन् र उनीहरू युद्धका कारण त्रसित भएका, आघातमा परेका र आफ्ना आधारभूत आवश्यकताबाट वञ्चित भएका छन् ।ग्रिफिथ्सले भन्नुभयो, "यो तथ्यले मात्र हामीलाई युक्रेनमा थप मानवीय सहायता ल्याउन सक्दो प्रयास गर्न बाध्य पार्नुपर्छ ।"

उहाँले थप्नुभयो, "घर, विद्यालय र अस्पतालहरू पानी, ग्याँस र बिजुली प्रणालीहरू जस्तै बारम्बार प्रभावित हुन्छन् । समाजको संरचनामाथि नै आक्रमण भइरहेको छ र यसको विनाशकारी परिणामहरू आइरहेका छन् ।"ग्रिफिथ्स र शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त फिलिप्पो ग्रान्डीले जेनेभास्थित संयुक्त राष्ट्रसङ्घको कार्यालयमा संयुक्त पत्रकार सम्मेलनमा उक्त योजना सार्वजनिक गर्नुभएको हो ।

रूस–युक्रेन युद्धका कारण करिब ६३ लाख मानिस युक्रेनबाट भागेका छन् र शरणार्थीका रूपमा रहेका छन् ।

क्षेत्रीय शरणार्थी प्रतिकार्य योजनाले २३ लाख शरणार्थी र शरणार्थीलाई आश्रय दिँदै आएका सहयोगी समुदायसम्म पुग्न एक अर्ब १० करोड अमेरिकी डलर आवश्यकता रहेको उल्लेख गरेको छ । "युक्रेनका लाखौं शरणार्थीलाई अझै पनि तत्काल सहयोगको खाँचो छ," ग्रान्डीले भन्नुभयो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार विद्यालय जाने उमेरका युक्रेनी शरणार्थी बालबालिकामध्ये आधा मात्र सहयोगी देशका विद्यालयमा भर्ना भएका छन् भने एक चौथाइ शरणार्थीलाई स्वास्थ्य सेवाको पहुँचका लागि संघर्ष भइरहेको छ ।

शरणार्थीमध्ये केवल ४० देखि ६० प्रतिशत मात्र रोजगारीमा छन् । उनीहले पाएको रोजगारी प्रायः उनीहरूको योग्यताभन्दा कम छ भने अझै पनि धेरै आफूलाई समर्थन गर्ने कुनै साधनको अभावका कारण असुरक्षित छन् ।

ग्रान्डीले भन्नुभयो, "सहयोगी देशहरूले सुरक्षा प्रदान गर्न र उनीहरूलाई समाजमा समावेश गर्ने प्रथा जारी राखेका छन्, तर धेरै कमजोर शरणार्थीहरूलाई अझै पनि मद्दतको आवश्यकता छ । उनीहरूलाई फर्कन दबाब दिनु हुँदैन किनभने उनीहरू निर्वासनमा जीवन यापन गर्न सक्दैनन् ।"

"सबै शरणार्थीहरूलाई मद्दत गर्नुपर्दछ र उनीहरूको प्रतिभाको प्रयोग र निर्माण गर्ने अवसरहरू दिनुपर्छ । परिस्थितिले अनुमति दिएको खण्डमा उनीहरूलाई अन्तिम स्वैच्छिक फिर्तीको लागि तयार गर्न सकिन्छ । सन् २०२३ मा युक्रेनका लागि मानवीय सहायता योजनाले ३.९ अर्ब अमेरिकी डलर माग गरेको थियो र ६४ प्रतिशत रकम खर्च गरिएको थियो ।संयुक्त राष्ट्रसङ्घले विशेषगरी रूसी सेनाले कब्जा गरेको क्षेत्रमा पहुँच चुनौतीका बावजुद सन् २०२३ मा युक्रेनमा एक करोड पाँच लाख मानिससम्म सहायताकर्मी पुगेको जनाएको छ । यस वर्ष आफ्नो विश्वव्यापी मानवीय अपीलमा संयुक्त राष्ट्रसङ्घले आफ्नो उद्देश्यहरूमा लगाम लगाउने प्रयास गरेको छ । यो वर्ष ३.१ अर्ब अमेरिकी डलर माग गरिएको छ ।

संयुक्त राष्ट्रसङ्घले भनेको छ, "सन् २०२४ को प्रतिकार्य रणनीति देशभरका अति गम्भीर मानवीय आवश्यकता भएका व्यक्तिहरू, विशेष गरी अग्रपङ्क्तिमा रहेका व्यक्तिहरूमा केन्द्रित छ ।"रूसले आफ्नो शस्त्रागारलाई बलियो बनाउँदै हालैका हप्ताहरूमा युक्रेनमाथि हवाई आक्रमण तीव्र पारेको छ । यसले लामो युद्धको लागि तयार भएको छ र यसको अर्थव्यवस्थालाई पुनः निर्देशित गरेको छ ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## विश्व समाचार

### गाजामा भएको आक्रमणमा ६० भन्दा बढीको मृत्यु

गाजा पट्टी, प्यालेस्टिनी क्षेत्र, १ माघ (रासस/एएफपी)।

हमासद्वारा नियन्त्रित गाजा क्षेत्रमा रहेको प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले इजरायली सेनाको आक्रमणमा ६० भन्दा बढी प्यालेस्टिनीको मृत्यु भएको सोमबार जनाएको छ ।

गाजा पट्टीमा इजरायली आक्रमण र तोपको बमबारीका कारण दर्जनौं व्यक्ति घाइते भएको हमासको सञ्चार कार्यालयले जनाएको छ ।

दक्षिणी शहर खान युनिस र राफाका साथै गाजा शहर वरपरका क्षेत्रमा आक्रमण भएको सञ्चार माध्यमले जनाएका छन् ।दुई अस्पताल, छात्रा विद्यालय र दर्जनौं घरलाई निशाना बनाइएको हमासले बताएको छ । अन्तर्राष्ट्रिय मानवीय कानूनअन्तर्गत संरक्षित अस्पतालहरू युद्ध सुरु भएदेखि नै गाजामा इजरायली आक्रमणबाट बारम्बार प्रभावित हुँदै आएका छन् ।

इजरायली सेनाले हमासले अस्पतालमुनि सुरुङ निर्माण गरेको र त्यसलाई कमान्ड सेन्टरका रूपमा प्रयोग गरेको र आफ्ना गतिविधिलाई ढाकछोप गर्न सर्वसाधारणको भौतिक संरचनाको दोहन गरेको आरोप लगाएको छ ।

अक्टोबर ७ मा हमासका लडाकुहरूले इजरायलमाथि आक्रमण गरेपछि गाजामा युद्ध सुरु भएको थियो । युद्धका कारण इजरायलमा करिब एक हजार १४० जनाको मृत्यु भएको एएफपीलाई इजरायलबाट प्राप्त आधिकारिक तथ्याङ्कमा उल्लेख छ ।

लडाकूहरूले लगभग २५० बन्धकहरूलाई पनि कब्जामा लिएकोमा करिब १०० भन्दा बढीलाई मुक्त गरिएको छ भने अझै १३२ जना गाजामा रहेको इजरायलले बताएको छ । बन्धकमध्ये कम्तीमा २५ जना मारिएको विश्वास गरिएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलले प्रतिशोधस्वरूप हमासलाई ध्वस्त पार्ने प्रतिबद्धता जनाएको छ । हमासको आक्रमणको प्रतिक्रियामा इजरायलले प्यालेस्टिनी क्षेत्रमा शुरु गरेको आक्रमणमा कम्तीमा २३ हजार ९६८ व्यक्तिको ज्यान गएको छ भने इजरायली सैन्य कारबाही निरन्तर चलेको छ ।

### सुडानमा युद्धबाट ७४ लाख व्यक्ति बिस्थापित

खार्तुम, १ माघ (रासस/सिन्ह्वा)।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालयले सुडानमा युद्धबाट बिस्थापित भएका व्यक्तिको सङ्ख्या ७४ लाखभन्दा बढी पुगेको जनाएको छ ।

सन् २०२३ अप्रिल १५ मा सुडानी सशस्त्र बल र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेसबीचको लडाइँ सुरु भएदेखि सुडानमा ७४ लाखभन्दा बढी मानिसहरू विस्थापित भएको मानवीय राष्ट्रसङ्घीय कार्यालयले जनाएको छ ।

गत महिनामा सुडानमा विस्थापित मानिसहरूको सङ्ख्या करिब छ लाख ११ हजारले बढेको छ । बिस्थापित हुनेमध्ये धेरैजसो गेजिरा र अन्य राज्यहरूबाट भर्खरै विस्थापित भएका व्यक्ति हुन् । बाली उत्पादन क्षेत्रहरूमा एसएएफ र आरएसएफ बीचको लडाइँको विस्तारले मध्य र पूर्वी सुडानमा मानवीय आवश्यकताहरूमा उल्लेखनीय वृद्धि गरेको संयुक्त राष्ट्रसङ्घीय कार्यालयले जनाएको छ ।

असुरक्षा, लुटपाट, खराब नेटवर्क र फोनको सम्स्या, नगदको अभाव, र सीमित प्राविधिक र मानवीय कर्मचारीहरूले सहायताको वितरणलाई असर गरिरहेको राष्ट्र सङ्घीय कार्यालयले जनाएको छ । सन् २०२४ को आइतबारसम्म सुडानमा मानवीय आवश्यकता र प्रतिक्रिया योजनाका लागि ३.१ प्रतिशत मात्र छुट्टयाइएको छ ।

सुडानले १५ अप्रिल २०२४ देखि एसएएफ र आरएसएफबीचको घातक झडपहरू खेपिरहेको छ । युद्धमा अहिलेसम्म बाह्र हजार भन्दा बढी मानिसहरूको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय कार्यालयले अनुमान गरेको छ ।

### कोलम्बियाको पहिरोमा परी मृत्यु हुनेको संख्या छत्तीस पुग्यो

कोलम्बिया, १ माघ (रासस/एएफपी)।

उत्तरपश्चिमी कोलम्बियामा भएको पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या ३६ पुगेको छ । आइतबार जारी आधिकारिक तथ्याङ्कअनुसार उद्धारकर्ताहरूले हराएका मानिसहरूको खोजी जारी राखेका छन् । यसअघि अधिकारीहरूले मेडेलिन र क्विब्डो सहरलाई जोड्ने सडकमा शुक्रबार भएको पहिरोबाट २३ जनाको मृत्यु भएको बताएका थिए ।

राष्ट्रपति गुस्ताभो पेट्रोले सबै पीडित परिवारप्रति समवेदना प्रकट गर्नु भएको छ । यसैगरी पोप फ्रान्सिसले भ्याटिकनबाट पीडितहरूका लागि प्रार्थना गर्नुभएको थियो । सामाजिक सञ्जालमा साझा गरिएका भिडियोहरूमा पहाडको केही भाग ढलेर कारहरूको लाइनमा खसेको देखिन्छ । पहिरो खसेपछि लगत्तै केही मानिसहरू चिच्याएको आवाज सुनिन्छ ।

कोलम्बियाको प्रशान्त महासागरमा अवस्थित चोको क्षेत्रमा २४ घण्टा भन्दा बढी तीव्र वर्षा पछि पहिरो गएको थियो । प्रशासन कार्यालयले थप पहिरोको उच्च जोखिमबारे चेतावनी दिएको छ । कार्यालयले बुलेटिनमार्फत् यस क्षेत्रमा जोखिममा रहेका मानिसहरूको जीवन रक्षा गर्न सबै आवश्यक कदम चाल्न आह्वान गरेको छ ।

डिसेम्बर २०२२ मा कोलम्बियाको सोही भागमा भएको भूस्खलनमा कम्तीमा २७ जनाको मृत्यु भएको थियो भने मानिसहरू बस लगायतका अन्य सवारी साधनहरूमा फसेका थिए ।कोलम्बियाको धेरै जसो भाग खडेरीको चपेटामा परेको बेला, मौसमविद्हरूले प्रशान्त क्षेत्रको सिमानामा रहेका धेरै विभागहरूमा भारी वर्षाको जोखिम रहेको चेतावनी दिएका छन् ।

# स्वास्थ्य बीमा गरेकाले दश प्रतिशत रकम मात्र तिर्नुपर्ने

काठमाडौँ, १ माघ (रासस)।

सोमबारदेखि स्वास्थ्य बीमा बोर्डले बीमा कार्यक्रमअन्तर्गत उपचार गर्ने बीमितले उपचार खर्चबापत १० प्रतिशत रकम मात्र ( सहभुक्तानी) तिर्नुपर्ने हुन्छ।

बोर्डले सोमबारदेखि स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत स्वास्थ्य सेवा उपभोग गरेबापत लाग्ने खर्चको १० प्रतिशत रकम बीमित बिरामीले आफैँले तिर्नुपर्ने बोर्डका कार्यकारी निर्देशक डा दामोदर बसौँलाले जानकारी दिनुभयो।

यसअघि बोर्डमा आबद्ध भएकाले कुनै पनि बीमितले उपचार गरेबापत खर्च तिर्नुपर्दैनथ्यो। पाँचजना परिवारसम्म सदस्य भएका परिवारले वार्षिक रु तीन हजार पाँच सयको योगदान रकम तिरी एक लाखसम्मको सुविधा लिनसक्ने व्यवस्था रहेको छ। उहाँले अनावश्यक स्वास्थ्य परीक्षणलाई निरुत्साहित गर्नका लागि परीक्षणका रूपमा सहभुक्तानी प्रणाली लागू गरिएको बताउनुभयो।

"बीमितले अनावश्यक रूपमा चिकित्सकलाई दबाब दिएर स्वास्थ्य परीक्षण गराउन थाले," उहाँले भन्नुभयो, "त्यसलाई निरुत्साहित गर्नका लागि आवश्यक मात्र स्वास्थ्य परीक्षण गराउन भनेर बिरामीलाई १० प्रतिशत तिराउने निर्णय गरेका हौँ।" उहाँका अनुसार प्राथमिक स्वास्थ्य केन्द्र र २५ शय्यासम्मका अस्पतालमा गरिएको स्वास्थ्य उपचारमा भने बीमितले १० प्रतिशत रकम तिर्न नपर्ने छ।

सहभुक्तनी प्रणाली सङ्घीय अस्पताल, २५ शय्याभन्दा माथिका प्रदेश र प्रादेशिक अस्पताल र सबै निजी तथा सामुदायिक अस्पतालमा लागू हुनेछ। अहिलेसम्म कूल ७४ लाख ६६ हजार सातजना बीमा आबद्ध रहेको र तीमध्ये ३४ लाख ७६ हजार सात सय ७८ जनाले बीमा कार्यक्रममार्फत स्वास्थ्य सेवा लिएको बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले सक्रिय बीमित ४८ लाख ५९ हजार पाँच सय १५ जना रहेका छन्।

यस्तै अति गरिब, ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, अति अशक्त, एचआइभी सङ्क्रमित, जटिल क्षयरोगी, कुष्ठरोगी र महिला स्वास्थ्य स्वयंसेविकालाई भने सहभुक्तानी प्रणाली (१० प्रतिशत रकम तिनुपर्ने) लागू नगरिने कार्यविधिमा उल्लेख गरिएको छ।

# टुँडिखेलमा भागदौड हुँदा घाइते हुनेको संख्या १६ पुग्यो

काठमाडौँ, १ माघ (रासस)।

माघी मनाउन टुँडिखेलमा जम्मा भएकाहरुबीच भागदौड हुँदा घाइते हुनेको सङ्ख्या १६ पुगेको छ।

माघेसङ्क्रान्तिको अवसरमा मगर र थारु समुदायले सोमबार टुँडिखेलमा आयोजना गरेको छुट्टाछुट्टै कार्यक्रममा सहभागीबीच भागदौड हुँदा १६ जना घाइते भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जानकारी दिनुभयो।

घाइतेहरुको उपचारका लागि वीर अस्पतालको ट्रमा सेन्टरमा भर्ना गरिएको उहाँको भनाइ छ। महोत्सवमास्थलमा प्रवेश गर्ने र बाहिरिनेबीच धकेलाधकेल हुँदा उनीहरु घाइते भएको प्रहरीको भनाइ छ।

घाइते भएकामा १२ वर्षीया त्रिसना मगर, १२ वर्षीया अञ्जना तामाङ, १९ वर्षीया रेजिना घले, १६ वर्षीया निकिता मगर, ३० वर्षीया रेखा चौधरी, १६ वर्षीया अनिसा केसी छन्। साथै २५ वर्षीया कल्पना चौधरी, २२ वर्षीया मन्दिरा बस्नेत, ४० वर्षीया मिना थापा, १९ वर्षीया रिजा रेस्मी मगर, प्रहरी जवान पृथ्वी बुढामगर, २५ वर्षीया निशा राना थापा, २२ वर्षीया निर्मला श्रेष्ठ, २७ वर्षीया रश्मी नेपाल, ११ वर्षीया युनिका बराल, १४ वर्षीया करिश्मा मगर रहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक ढुङ्गेलले बताउनुभयो।

## सशस्त्र प्रहरीद्वारा ...

जनाए। सशस्त्र प्रहरी नायब उपरिक्षक प्रदिप बुढाथोकी कमाण्डको टोलीले शंका लागी चेकजाँच गरिरहदा चालक भने गाडी छाडेर फरार भएको तथा उनको खोजी कार्य भईरहेको उनले जनाए। बरामद दुध पाउडरको अनुमानीत बजार मुल्य ३ लाख ७१ हजार २ सय ५० रुपैया रहेको उनको भनाई छ।

बरामद समान र गाडी इटहरी स्थित अनुसन्धान कार्यालय पठाइएको उनले बताए। चेक जाँचको क्रममा उक्त समानको विल विजक समेत फेला नपरेको उनले जानकारी दिए।

अस्यस्तै भारतबाट अवैधरुपमा ल्याइएको ज्याकेट, न्यानो लत्ता कपडा र औषधी लगायतका अवैध मालसमान सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ बाट सशस्त्र प्रहरीले बरामद गरेको छ।

सिमा सुरक्षा गुल्म पातोबाट सहायक प्रहरी हबल्दार धन बहादुर साउद नेतृत्वको टोलीले ४६ हजार ३ सय ३० रुपैयाको अवैध औषधी तथा सशस्त्र प्रहरी नायब निरिक्षक शुभ नारायण मण्डल नेतृत्वको टोलीले ५९ हजार ८ सय मुल्य बराबरको न्यानो लत्ता कपडा बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नं ६ गण हेडक्वाटर सप्तरीका सुचना अधिकारी विष्टले बताए।

सोमवार नै भारतबाट भन्सार छलेर ल्याइएका १ लाख ६२ हजार मुल्य बराबरको किरानाका सरसमान जिल्लाको छिन्नमसता गाउँपालिका २ मोहनपुर क्षेत्रबाट सशस्त्र प्रहरीले बरामद गरेको छ। भारतबाट ना.५७ प ४४७६ नम्बरको मोटरसाईकलबाट ल्याउदै गरेका १ लाख ६२ हजार मुल्य बराबरको किरानाका अवैध मालसमान सशस्त्र प्रहरी बरिष्ट हबल्लार विनोद विकको कमाण्ड टोलीले नियन्त्रणमा लिएको तथा चालक भने फरार भएको उनले जानकारी दिए।

बरामद उक्त सरसमान आवश्यक प्रक्रिया पश्चात तिलाठी कोईलाडी स्थित राजविराज भन्सार कार्यालय चलान गरिएको सशस्त्र प्रहरी बल नेपाल नं ६ गण हेडक्वाटर सप्तरीले ज नाएको छ।

भारतबाट हुने चोरी पैठारी रोक्न सिमानामा कडाई तथा निगरानी बढाइए पछि त्यस्ता अवैध माल समान धमाधम बरामद हुन थालेको सशस्त्र प्रहरीले जनाएको छ।

## पेट्रोल, डिजल ...

सञ्चालक समितिले सोमबार राति १२ बजेपछि लागू हुने गरी पेट्रोल, डिजल र मट्टितेलको मूल्य घटाएको हो।

निगमका अनुसार चारआली, बिराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जका लागि पेट्रोलको मूल्य प्रतिलिटर एक सय ६३ रुपैयाँ ५० पैसा, डिजल र मट्टितेल एक सय ४३ रुपैयाँ ५० पैसा कायम भएको छ।

साथै सुर्खेत र दाङका लागि पेट्रोल प्रतिलिटर रु एक सय ६५, डिजल र मट्टितेल प्रतिलिटर एक सय ५५ कायम भएका भएको छ। साथै काठमाडौँ, पोखरा र दीपायलका लागि पेट्रोल प्रतिलिटर रु एक सय ६६, डिजल र मट्टितेल रु एक सय ५६ कायम भएको छ।

## योग दिवसमा ...

र रोग मुक्त स्वस्थ्य शरिरका लागी योगको महत्वपुर्ण भुमिका रहेको जनाएका थिए।

यस अवसरमा जेसिज भवन तथा राजदेवी माध्यमिक विद्यालयमा समेत करिब डेढ घण्टा योगाभ्यास कार्यक्रमको आयोजना गरिएको पतञ्जली योग समिति नेपाल सप्तरीले जनाएको छ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**


**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**


**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*